सूचना मेरो अधिकार
त्रैमासिक बुलेटिन
वर्ष ५ । संयुक्ताङ्क १-२ । साउन - पुस (२०८१)

# राष्ट्रिय सूचना आयोगका पदाधिकारीबाट शपथ ग्रहण तथा पदबहाली



प्रधानमन्त्री केपी शर्मा ओलीले मंसीर २६ गते राष्ट्रिय सूचना आयोगका नवनियुक्त प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यलाई शपथ गराउनु भएको छ । शपथ ग्रहण कार्यक्रममा प्रधानमन्त्रीको उपस्थितिमा प्रमुख आचार्यले नवनियुक्त आयुक्तहरु गगन विष्ट र दुर्गा भण्डारीलाई शपथ गराउनु भयो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार बिष्णु रिमाल, मन्त्रालयका सचिव राधिका अर्याल लगायत आयोगको कार्यालयका कर्मचारीको उपस्थिति थियो ।

शपथपछि शुभकामना दिँदै प्रधानमन्त्री ओलीले संविधानमा व्यवस्था भएको मौलिक हकका रुपमा सूचनाको हकको कार्यान्वयन र उपयोगका लागि आयोगको भूमिका प्रभावकारी हुनुपर्ने बताउँदै असम्वन्धित व्यक्तिले अनेक सूचना मागेर सरकारका कामलाई अलमल्याउने प्रवृत्ति रहेको उल्लेख गर्नुभयो । उहाँले लोकतन्त्रको उपयोग गर्दा आफ्ना न्यायोचित हक, अधिकारको उपयोग गर्नु पर्नेमा जोड दिनुभयो ।

मन्त्रिपरिषद्को २०८१ मङ्सीर ६ गतेको बैठकले सिफारीश समितिको सिफारीशका आधारमा उहाँहरुलाई नियुक्त गर्ने निर्णय गरेको थियो । यही मङ्सीर २३ गतेदेखि आयोगका अघिल्ला पदाधिकारीको कार्यकाल सकिएको थियो ।

शपथ ग्रहण लगत्तै राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्य र सूचना आयुक्त द्वय गगन विष्ट र दुर्गा भण्डारी पौडेलले पदभार ग्रहण गर्नुभयो । उहाँहरुलाई आयोगको तर्फबाट आयोगका सचिव कमलप्रसाद भट्टराई तथा अन्य कर्मचारीहरुले स्वागत गर्नुभयो ।





# पारदर्शिता भनेको छ्याङ्ङै पार्ने हो ह्वाङ्ङै होइनः सभामुख घिमिरे

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पारदर्शिता भनेको "छ्याङ्ङै पार्ने हो, ह्वाङ्ङै होइन" भन्नु भएको छ। राष्ट्रिय सूचना आयोगले पुस २८ गते आयोजना गरेको राजनैतिक दलहरुसँगको अन्तरक्रिया कार्यक्रममा सभामुख घिमिरेले सो कुरा बताउनु भएको हो। "राजनैतिक दलहरुमा सूचनाको अभ्यास" विषयको अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख घिमिरेले लोकतान्त्रिक शासन प्रणालीमा दलको भूमिका महत्वपूर्ण रहेको औंल्याउनु भयो। उहाँको भनाइ थियो : दलले नै जनताको अभिमत निर्णायक बनाउने काम गर्छ, दलको काम लोकतान्त्रिक नभए प्रश्न उठ्नु स्वभाविक हो। सूचनाको हकलाई ठीक ढंगले नागरिकलाई बुझ्ने र बुझाउने विषयमा दलको भूमिका महत्वपूर्ण हुन्छ। आर्थिक विषयमा प्रश्न नै नउठ्ने प्रणालीको विकास गर्नु पर्दछ।



संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरु र संसदीय दलका प्रमुख सचेतकहरुको उपस्थिति रहेको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले कार्यपत्र प्रस्तुत गर्दै दलहरुलाई सूचनाको हकको सम्मान र पालना गर्न आग्रह गर्नु भयो। दलहरुका बारेमा आम नागरिकमा उठ्ने प्रश्नहरुको चर्चा गर्दै उहाँले भन्नुभयो: दलहरूको आम्दानीको स्रोत अपारदर्शी छ, कसैलाई बताउँदैनन्। टिकट वितरणमा प्रष्ट आधार बताईंदैन। नेताको विवेक नै टिकट वितरणको नीति बन्ने गरेको छ। राज्यबाट गराइने निर्वाचनमा पार्टीले गर्ने खर्च अपारदर्शी छ। पार्टीको मुख्य कारोबार बैंक खातामार्फत हुँदैन।

कार्यक्रममा पूर्व सभामुख तथा नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले सार्वजनिक पदधारण गर्नेहरुको पद तथा गोपनीयताको शपथमा भएको व्यहोरा सच्याउनु पर्ने सुझाव दिनुभयो। "सूचनाको हकसम्बन्धी ऐनले एउटा व्यवस्था गर्ने, उता शपथको व्यहोरामा अर्को व्यवस्था हुने भएर अलमल भयो, शपथको व्यहोरा सच्याउन दलका नेताहरू लाग्नुपर्छ" सापकोटाले भन्नु भयो।

नेकपा (एमाले) का उपमहासचिव तथा पूर्वमन्त्री प्रदीप ज्ञवालीले जनताप्रति सरकार र दललाई जवाफदेही बनाउन र सुशासन कायम गर्न सूचनाको हकको व्यवस्था उत्कृष्ट भएको बताउनु भयो। ऐनमा सूचनाको हक र गोपनीयताको हक दुवै उल्लेख भएकाले यसको सम्बन्धलाई अझ प्रष्ट पार्न आवश्यक रहेको उहाँले सुझाव दिनुभयो। "कुन सूचना सार्वजनिक खपतको हो, कुन होइन मापदण्ड बनाउन सक्नुपर्छ। दलका नेताहरुले, जिम्मेवार निकायमा बस्नेहरूले बिना आधार कसैलाई दोषी देखाउने, आरोप प्रत्यारोप गर्न नपाउने गरी ऐनमा व्यवस्था गर्नसके समाजलाई सन्तुलित बनाउन सकिन्छ, राजनीतिक दलका नेता तथा सांसदहरूको जोड त्यता रहनुपर्छ" उहाँको सुझाव थियो।

नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङदेम्बेले दलका नेताहरू निर्वाचन जितेका बेला उन्मुक्त हुने, हारेका बेला कुण्ठाबाट ग्रसित भएर अभिव्यक्ति दिन्छन् भन्नुभयो। त्यसलाई शोभनीय बनाउन ऐनमै व्यवस्था गर्न सुझाव दिनुभयो। "राजनीतिलाई अहिले भीडले नियन्त्रण गरेको छ, जबकि राजनीतिले भीडलाई नियन्त्रण गर्नुपर्थ्यो। यो दीर्घकालीन कुरा होइन, एकले अर्कालाई गलत देखाउन न्वारनदेखिको बल लगाउने राजनीतिक प्रवृत्ति छ, यस्तो अवस्थामा कसरी सूचनाको हक कार्यान्वयन होला ?" उहाँले चिन्ता व्यक्त गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्मा, नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे, नेकपा (एमाले) का केन्द्रीय सदस्य विष्णु रिजाल, रास्वपाका कार्यवाहक महासचिव कविन्द्र बुर्लाकोटी, राप्रपाका उद्धवराज भेटुवाल, जनता समाजवादी पार्टीका पूर्ण बस्नेत, लोसपाका मनिष झा लगायतले सूचनाको हकको कार्यान्वयनमा दलहरू जिम्मेवार भएर लाग्नुपर्ने धारणा राख्नुभयो। राष्ट्रिय सूचना आयोगका आयुक्त गगन विष्ट, दुर्गा भण्डारीको सहभागिता रहेको कार्यक्रममा आयोगका सचिव कमलप्रसाद भट्टराईले स्वागत र उपसचिव सन्तोषकुमार दाहालले कार्यक्रम संचालन गर्नुभएको थियो।





# उच्च अदालत पाटनका न्यायाधीश र आयोगबीच अन्तरक्रिया



राष्ट्रिय सूचना आयोग र उच्च अदालत पाटनका न्यायाधीशहरुबीच 'सूचनाको हक सम्बन्धी समसामयिक सवालहरु' विषयक अन्तरक्रिया कार्यक्रम २०८१ पौष १९ गते सम्पन्न भएको छ। न्यायाधीशहरुसँग गरिएको अन्तरक्रिया कार्यक्रममा सूचनाको हक कार्यान्वयनको लागि गरिने सुनवाई प्रकियामा दुबै पक्षलाई मौका दिनु पर्नेमा जोड दिइयो ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलले प्रमुख अतिथिका हैसियतमा सम्वोधन गर्नु हुदै यो खालको अन्तरक्रियाले सूचनाको प्रवाहमा आउन सक्ने अवरोध हटाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो। न्यायाधीश पोखरेलले दुवै निकायबाट भएको प्रस्तुतिले सूचनाको हक सम्बन्धमा जानकारी गराउनुका साथै छलफलका नयाँ आयाम पनि प्रदान गरेको र सूचनालाई सम्पत्तिको रुपमा लिइने भएकोले सूचनामा चासो र सरोकार बढेकोले नै आयोगमा पुनरावेदन पनि बढेको देखिएको बताउनुभयो ।

कार्यक्रममा उच्च अदालत पाटनका कायम मुकायम मुख्य न्यायाधीश लालबहादुर कुँवरले सूचनाको हक कार्यान्वयन सम्बन्धी समसामयिक विषयको महत्वपूर्ण अन्तरक्रिया कार्यक्रममा सहभागिताको अवसरका लागि धन्यवाद दिंदै दुवै निकायबाट सूचनाको हक कार्यान्वयन गर्दा भएका अनुभुति र धारणामा समानता देखिएको र पुनरावेदनको आदेश उपर अदालतमा सादृश्यता देखिएको उल्लेख गर्नु भयो ।






अन्तरक्रिया कार्यक्रमको अध्यक्षता गर्नु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले छलफलमा उठेका जिज्ञासा र सवालहरुलाई सम्बोधन गर्दै आयोगले सूचनाको हक सम्बन्धमा सम्पादन गर्ने काम कारवाहीमा अस्पष्टता रहेकोले त्यसको निरुपण र स्पष्टता कायम गर्नका लागि यो अन्तरक्रिया गरिएको बताउनु भयो। पत्रकारले सूचनाको हकको प्रयोग त्यति गर्न सकेको नदेखिएको, दिन मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण नभएकाले सार्वजनिक निकायमा सूचना दिन समस्या देखिएको उहाँको भनाइ थियो। कुन सूचना सार्वजनिक हो र कुन होइन भन्ने छुट्याउन गाह्रो भएकोले पनि यसको कार्यान्वयनमा चुनौति देखा परेको साथै सूचना प्रवाह भन्दा नियन्त्रण गर्न खोजेको जस्तो देखिएको उल्लेख गर्दै कार्यक्रममा महत्वपूर्ण समय दिनु भएकोमा सर्वोच्च अदालतका न्यययाधी सुनिलकुमार पोखरेल र उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश लालबहादुर कुँवर तथा अन्य न्यायाधिशहरुप्रति आभार प्रकट गर्नु भयो ।

कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै आयोगका सचिव कमलप्रसाद भट्टराईले आयोगको कार्यमा मार्ग दर्शन हुने गरी छलफल र सुझावको अपेक्षा राख्नु भयो। आयोगका तर्फबाट सूचनाको हक सम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएका व्यवस्था र आयोगको कार्यसम्बन्धी विषयमा सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले प्रस्तुती गर्नुभयो। उच्च अदालत पाटनका न्यायाधीश दुर्गाप्रसाद ढुंगेलले सूचनाको हक सम्बन्धी कानून र यस विषयमा उच्च अदालतमा भएका पुनरावेदन, तिनको अवस्था र मुद्दाका प्रक्रिया सम्बन्धी विषयवस्तुमा प्रस्तुति गर्नु भएको थियो ।

# आयोग र प्रदेश अनुगमन इकाईहरुबीच अन्तरसम्वाद

**‘सूचनाको हकको अभ्यास सुशासनलाई व्यवहारमा उतार्न महत्वपूर्ण’**

२०८१ पुष २२ मा गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजना भएको अन्तरप्रदेश सूचना अनुगमन इकाईसँगको औपचारिक कार्यक्रमको गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले उदघाटन गर्नुभएको छ। उदघाटन मन्तव्य दिँदै उहाँले सूचनाको हक र सञ्चार क्षेत्रको सुदृढीकरणले लोकतन्त्रलाई बलियो बनाउने बताउनु भयो। राष्ट्रिय सूचना आयोगले गण्डकी प्रदेश सरकारको सहयोगमा आयोजना गरेको प्रदेशस्तरीय अनुगमन इकाई प्रमुखसँग “सूचनाको अधिकार - कार्यान्वयनको चुनौती” विषयमा बोल्दै मन्त्री थापाले सरकारी तथा सार्वजनिक निकायहरूको काममा उत्तरदायित्व र पारदर्शिता कायम गर्न नागरिकको सूचनामा पहुँच अपरिहार्य रहेको बताउनु भयो।

मन्त्री थापाले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्न आबश्यक रहेको बताउँदै अनियमित र गलत कार्यबाट सतर्क गराउन, सार्वजनिक निकायमा निष्पक्षता र समानता कायम गराउन, सुशासनलाई व्यावहारमा उतार्न सूचनाको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयन जरुरी रहेको उल्लेख गर्नुभयो।

राष्ट्रिय सूचना आयोग र सातै प्रदेशका सूचनाको हक कार्यान्वयन अनुगमन इकाईबीच सूचनाको हक कार्यान्वयन गराउने बिषयमा अन्तरसम्वाद भएको छ। सूचनाको हकको




कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ५ मा व्यवस्था भए बमोजिमका सातै प्रदेशका प्रदेशस्तरीय इकाई संयोजक तथा प्रतिनिधिबीच छलफल भएको हो। निर्देशिकाको दफा ५ अनुसार सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा प्रदेश स्तरका मन्त्रालय र कार्यालयमा सूचना प्रवाहको अवस्थाको अनुगमन गर्न गराउन मुख्यमन्त्रीको कार्यालयका सचिवको संयोजकत्वमा अनुगमन इकाई रहने व्यवस्था छ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सुचना आयुक्त डा. सुरेश आचार्यले विषयवस्तु प्रस्तुत गर्दै नागरिकले सूचना पाउने अधिकारलाई प्रत्याभूत हुने गरी काम गर्नुपर्ने आवश्यकता रहेको बताउनु भयो। उहाँले सूचना सम्भव भएसम्म अद्यावधिक गर्नुपर्ने भन्दै अद्यावधिक गरिएका सूचना हरेक तीन महिनामा सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेशको तर्फबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव केशवराज ढकालले गण्डकी प्रदेशमा सूचनाको हकको कार्यान्वयनको अवस्था र अनगुमनका विषयवस्तुहरु समेटेर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा सूचनाको हकको कार्यान्वयनको लागि प्रदेश, स्थानीय तह र आयोगबाट तालिम/प्रशिक्षण र अन्तरक्रियाहरु गर्दै जानु पर्ने, सार्वजनिक निकायले गरेको कामको सूचनाको विवरण र अभिलेख अद्यावधिक राख्नु पर्ने, सरकार र नागरिकसंग सरोकार राख्ने संस्थाप्रति सूचनाको हक सम्बन्धी ऐन लागु हुने र उनीहरुले पनि सूचना दिनु पर्ने, कसैले गरेको वा गर्न लागेको कार्यले सार्वजनिक हानी नोक्सानी पारेमा वा पार्न लागेमा सूचना दिन मिल्ने र त्यसको संरक्षणको व्यवस्था कानूनमा नै भएकोले कसैले प्राप्त सूचनाको दुरुपयोग गरेमा आयोगमा उजुरी दिन सकिने व्यवस्था रहेको जाकारी गराइएको थियो।




राष्ट्रिय सूचना आयोगका आयुक्त द्वय गगन बिष्ट, दुर्गा भण्डारी पौडेलको उपस्थिति रहेको कार्यक्रममा आयोगका सचिव कमल भट्टराईले स्वागत मन्तव्य र गण्डकी प्रदेशका मुख्य सचिव रघुराम बिष्टले सूचनाको हकको अभ्यासका बारेमा धारणा राख्नु भएको थियो। बागमती, गण्डकी, लुम्बिनी तथा कर्णाली प्रदेशका सम्बन्धित पदाधिकारी एवं गण्डकी प्रदेशका सरकारी कार्यालयका प्रमुख, सूचना अधिकारी एवं गुनासो सुन्ने अधिकारी, पत्रकार, सञ्चारकर्मी तथा सुरक्षा निकायको प्रतिनिधि समेतको कार्यक्रममा उपस्थिति रहेको थियो।

# पूर्व आयुक्तहरुसँग आयोगको सम्वाद

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यको संयोजकत्वमा २०८१ पुस १ गते आयोगका पूर्व प्रमुख सूचना आयुक्त तथा आयुक्तहरु र आयोगका पदाधिकारीबीच सम्वाद भएको छ । आयोगका पूर्व प्रमुख आयुक्त महेन्द्रमान गुरुङले नागरिकमा सूचनाको हकको खोजी बढ्दै गएकोले प्रोत्साहित गर्न सुझाव दिनुभयो । उहाले नेपाल लगायत दक्षिण एशियाली मुलुकहरुमा सूचनाको हकको अभ्यास राम्रो हुदै गएको जानकारी गराउनुभयो । पूर्व प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले राज्य प्रणाली अझै पनि सूचना दिन तयार नभएको खुलासा गर्दै अझै पनि सार्वजनिक निकायमा सूचना दिने संस्कार विकास नभएको बताउनुभयो । पूर्व प्रमुख आयुक्त बाँस्कोटाले सूचना आयोगलाई संवैधानिक आयोग बनाउनु पर्ने सुझाव दिनु भयो ।




पूर्व आयुक्त श्री आचार्यले आयोगको काम कारवाहीलाई प्रादेशिक स्तरमा पुऱ्याउन शाखा गठन गर्नुपर्ने सुझाव दिनुभयो । अर्का पूर्व आयुक्त सविता भण्डारी बरालले आफ्ना अनुभव सुनाउँदै आजको फरक परिवेश अनुसार अगाडि बढ्न सुझाव दिनुभयो । पूर्व आयुक्त किरण पोखरेलले स्वत: प्रकाशनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन सुझाव दिनुभयो । यो प्रावधानलाई कार्यान्वयन नगर्ने निकायलाई दण्डित गर्नु पर्ने बताउनुभयो । पूर्व आयुक्त कमला ओली र रत्नप्रसाद मैनालीले सूचना मागकर्ताको सुरक्षा र संरक्षण गर्न जोड दिनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्यले सूचनाको हकको दुरुपयोग हुन नदिन आफूहरु सचेत रहेको बताउनु भयो । उहाँले सूचना मागकर्ताको पक्षमा बढि काम गर्नुपर्ने बताउनुभयो । प्रमुख आयुक्त आचार्यले मौलिक र आफ्नो सरोकारको बिषयमा सूचना माग गर्न जोड दिइने बताउनु भयो । सो कार्यक्रममा आयुक्तहरु गगन बिष्ट र दुर्गा भण्डारी पौडेलले अन्तरक्रियाबाट आएका सुझावहरुलाई मध्यनजर गर्दै असल अभ्यासको थालनी गर्ने बताउनुभयो । अन्तरक्रियामा आयोगका सचिव कमलप्रसाद भट्टराई, उपसचिव द्वय सन्तोषकुमार दाहाल, सुदर्शन ढकाल र शाखा अधिकृत दिनेश लुईटेलको पनि उपस्थिति रहेको थियो ।

# आयोग र सूचनाको हकका विज्ञहरुसँग सम्वाद

राष्ट्रिय सूचना आयोग र सूचनाको हकका बिज्ञहरु बिच सूचनाको हकको प्रभावकारी कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यहि पुष ४ गते आयोग परिषरमा भएको अन्तरक्रिाया कार्यक्रममा प्रशासकिय अदालतका पूर्व प्रमुख काशी राज दाहालले सूचनाको हक नागरिकको महत्वपूर्ण अधिकार भएकोले यसको कार्यान्वयनमा जोडदिनु पर्ने बताउनु भयो । यसरको कार्यान्वय संघिय सम्रचनाको परिकल्पना गरिएको छ । प्रदेश स्तरिय कार्यालयबाट सूचनाको हकको कार्यान्वयन गर्नु /गराउनु पर्नेमा जोड दिनुभयो । उहाँले सूचनाको हकले लोकतन्त्र बलियो बनाउने, भ्रष्टाचार उजागर गर्न सकिने, असल शासनका लागि प्रयास गर्न सकिने बताउनुभयो । उहाले सचनाको हक कति कार्यान्वयन भयो भन्ने बारे पनि समीक्षा हुनुपर्नेमा जोड दिनुभयो ।

समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमलसिनाले ऐनले गोप्य राख्न भनिएका पाँचवटा बिषयको व्याख्या हुनुपर्ने भन्दै "नेपालको खुला इतिहास छैन र नेपालको इतिहास विदेशीले लेख्नु परिरहेको छ" भन्नुभयो । सूचनाको हकको अभियन्ता तथा फ्रीडम फोरमका अध्यक्ष तारानाथ दाहालले सूचनाको हक माग गर्दा दुरुपयोगको भाष्य पैदा गर्न नहुने बताउनुभयो । उहाँले कहि कतै कोहीबाट भएका कमजोरीलाई दुरुपयोगको भाष्य निर्माण गरेर सूचनाको हक कुण्ठीत हुन सक्ने तर्फ सचेत गराउनुभयो ।

पत्रकारिताका प्राध्यापक डा. श्रीराम पौडेलले सूचनाको वर्गीकरण गर्नुपर्ने, सूचनाको हक सम्बन्धी अभ्यासलाई व्यापक बनाउन दूरदराजमा अभियान सञ्चालन गर्नु पर्ने बताउनुभयो । सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मीद बागचनले सजिलोसंग दिन सकिने सूचना पनि लुकाउने प्रवृत्ति देखिएको बताउनुभयो । उहाँले आम नागरिकले सूचनाको हक सहजै प्रयोग गर्न सकिने वातावरण बन्नु पर्नेमा जोड दिनुभयो ।



राष्ट्रिय सुचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले एकातिर सूचना लुकाउने प्रवृत्ति रहेको अर्कोतर्फ सूचनाको हकको दुरुपयोग बढ्दै गएको भन्ने गुनासो बढेकाले सन्तुलित ढंगबाट काम गर्नुपर्ने बताउनुभयो । सम्वादका क्रममा आयोगका आयुक्त द्वय गगन बिष्ट र दुर्गा भण्डारी पौडेलका साथै आयोगका सचिव कमल भट्टराई, उपसचिव द्वय सन्तोषकुमार दाहाल र सुदर्शन ढकाल र शाखा अधिकृत दिनेश लुईटेलको उपस्थिति थियो ।

# सूचनाको हक सम्बन्धी प्रशिक्षणमा सञ्चारिका समूह

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन र सूचनाको हकको प्रयोग गर्न सक्षम बनाउने आयोगको उद्देश्य रहेको बताउनु भएको छ। साउन २५ गते जनकपुरमा आयोजना गरिएको प्रशिक्षण शिविर कार्यक्रमको उद्घाटन गर्दै उहाँले कार्यक्रमबाट अधिकतम फाइदा लिन सहभागीलाई आग्रह गर्नुभयो। नेपालको संविधान र सूचनाको हक सम्बन्धी ऐन २०६४ ले व्यवस्था गरेको नागरिकको अधिकारलाई सर्वसाधारण समक्ष जुन गतिमा पुऱ्याउनु पर्ने हो, त्यो हदसम्म हुन नसकेको अनुभव र गुनासोलाई ध्यानमा राखी युएसएआइडी/एशिया फाउण्डेशन/सीएसएम कार्यक्रमको सहयोगमा राष्ट्रिय सूचना आयोग र सञ्चारिका समूहले यो कार्यक्रमको आयोजना गरेको हो।





कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव र नेपाल पत्रकार महासंघ, धनुषाका अध्यक्ष मोनिका झाले सूचनाको हक महत्वपूर्ण अधिकार भएकोले यसको सदुपयोग गर्न अनुरोध गर्नु भएको थियो। सञ्चारिका समूहका अध्यक्ष बिमला तुम्खेवाले अध्यक्षता गर्नु भएको कार्यक्रममा उपाध्यक्ष पवित्रा सुनारले स्वागत गर्नु भएको थियो। समूहका मधेश प्रदेश अध्यक्ष सुनिता बरालले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो। दुई दिन सञ्चालन भएको प्रशिक्षण शिविरमा ताराबहादुर भण्डारी, जेबि विश्वकर्मा लगायतले प्रशिक्षण दिनु भएको थियो। यस्तै खालको कार्यक्रम सञ्चारिका समूहले सिराहा, दाङ्ग र बर्दियामा पनि सम्पन्न गरेको छ। •

# संसदीय समितिमा सूचनाको हकबारे छलफल



सूचनाको हकबारे प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा छलफल भएको छ। समितिले सूचनाको हकलाई देशको समग्र विकासको मूलप्रवाहमा ल्याउन नसकेका ठहर गरेको छ। समितिले पिछडिएका जाति, वर्ग, क्षेत्र, समुदायको सूचनाको हक प्रत्याभूति गराउने सम्बन्धमा राष्ट्रिय सूचना आयोग समक्ष छलफल कार्यक्रम आयोजना गरेको थियो। साउन १० गते भएको छलफलमा समितिका सभापति किरण कुमार शाहले सूचनाको हकको कार्यान्वयनमा जोड दिनु पर्ने बताउनुभयो। उहाँले विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको लागि सूचनाको हकको महत्व प्रभावकारी हुने बताउनु भयो।

राष्ट्रिय सूचना आयोगले गरेको प्रस्तुतिकरण माथि छलफल गर्दै समितिका सदस्यहरुले सूचनाको हकको कार्यान्वयन, महिलाका लागि भएको व्यवस्थाको कार्यान्वयन प्रभावकारी हुन नसकेको, मूलप्रवाहमा आउन नसकेकाका लागि के गर्न सकिन्छ भन्ने लगायतका विषयमा सुझाव, जिज्ञासा तथा प्रश्न राख्नु भएको थियो। यस क्रममा प्रमुख आयुक्त गुरुङ्गले आयोगले गरेका मुख्य कामहरु, सूचनाको हकको प्रयोगबाट भएका उपलब्धीहरु बारेमा पनि जानकारी गराउनु भएको थियो। सांसदहरुद्वारा सोधिएका प्रश्न र जिज्ञासा उपर जवाफ दिदै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले सूचनाको हक नेपालको संविधान र सूचनाको हक सम्बन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको महत्वपूर्ण अधिकार रहेको, सूचनाको हक मानव अधिकारको रुपमा रहेको, विश्वमा १४० भन्दा बढी देशमा कानून बनाई लागु भइसकेको कारणबाट पनि सूचनाको हकको सदुपयोग गर्न गराउन संसदीय समितिहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुने र सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन सहयोग गर्न आग्रह गर्नु भयो।

यस अघि कार्यक्रममा आयोगका तर्फबाट आयोगका निमित्त सचिव युवराज अधिकारीले आयोगका गतिविधिका बारेमा प्रस्तुति राख्नु भएको थियो। कार्यक्रममा आयोगका आयुक्तहरु कमला ओली थापा र रत्न प्रसाद मैनाली, आयोगका कर्मचारी, समितिका कर्मचारी तथा सञ्चारकर्मीको उपस्थिति थियो। •



# सूचनामा दीगो पहुँच प्रवर्द्धनका लागि प्रशिक्षक प्रशिक्षण




राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्ले नागरिकको सूचना पाउने हकलाई हरेक क्षेत्र तथा निकायले इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ। सूचनाको हकका लागि राष्ट्रिय महासंघद्वारा ललितपुरको गोदावरीमा आयोजित कार्यक्रममा उहाँले सो कुरा बताउनु भएको हो।

दीगो सूचना प्रवर्द्धन परियोजना अन्तर्गत नागरिक समाजका प्रतिनिधिलाई सूचनामा दीगो पहुँचमा पुऱ्याउन आयोजित तीन दिने प्रशिक्षक प्रशिक्षणको उदघाटन गर्दै प्रमुख सूचना आयुक्त गुरुङले सूचनाको हक नागरिकको अधिकार भएकाले यसलाई अभियानका रुपमा लगिनु पर्ने बताउनुभयो। उहाँले सूचना माग्नेलाई कानुनले व्यवस्था गरे अनुसार फरम्याटमा उपलब्ध गराउनु पर्ने भन्दै सूचना लुकाउनु जायज नहुने धारणा राख्नुभयो। प्रमुख सूचना आयुक्त डा गुरुङले नागरिकलाई सचेत बनाउन यो प्रशिक्षणबाट प्रशिक्षित हुनेहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विश्वास गर्दै नागरिकको हक र अधिकारका रुपमा नागरिकलाई सूचना माग्न प्रोत्साहित गर्नु पर्नेमा जोड दिनुभयो।

महासंघका अध्यक्ष उमिद बागचन्दले सूचनाको हकलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउँदै देशभरका नागरिकलाई सुसूचित गराउन यो प्रशिक्षण आयोजना गरिएको बताउनुभयो। उहाँले सूचनाको हक प्रयोग गरेर सूचना माग्ने मात्रै होइन, सही रुपमा उपयोग पनि गर्नुपर्ने बताउनुभयो।

प्रशिक्षक चिरञ्जीवी खनालले नेपालभरि सूचनाको हकको अभ्यास गर्न समुदायस्तरमा सचेतना जगाउन आवश्यक पर्ने बताउनुभयो। महासंघका महासचिव अजय शाहले सूचना माग्नका लागि अभिप्रेरित गर्न, नागरिकलाई सचेत गराउन यो कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। महासंघका कर्णाली प्रदेश संयोजक एवम् सूचनाको हकका अभियन्ता खगेन्द्र भट्टराईले कालिकोटमा उपभोक्ता समितिमार्फत काम गरेका मजदुरले छ महिनासम्म पारिश्रमिक पाउन नसकेको अवस्थामा सूचनाको हक प्रयोग गरेर दुई महिनामा पाउने व्यवस्था मिलाइएको अनुभव सुनाउनु भयो।

सूचनाको हकका अभियन्ता अधिवक्ता विश्वजित तिवारीले सूचनाको हक लोकतन्त्रको प्राणवायु भएको बताउँदै सत्यतथ्य कुरा उजागर गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले नागरिकलाई सही सूचना पुऱ्याउन यो कार्यक्रम सहयोगी हुने अपेक्षा लिइएको उल्लेख गर्नुभयो।

महासंघका वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारीले संविधानले आम नागरिकलाई दिएको हक प्रयोग गरेर सूचना माग्ने अभ्यास गर्नुपर्ने बताउनुभयो। उहाँले यस कार्यक्रमले सूचनाको हक सम्बन्धी ज्ञान र सीपको विकास गरेर अभ्यासमा उतार्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

दीगो सूचना प्रवर्द्धन परियोजना अन्तर्गत मधेश र लुम्बिनी प्रदेशमा सूचनामा दीगो पहुँच र प्रवर्द्धन पुऱ्याउने उद्देश्यले भदौ १५ गते देखि शुरु भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रम तीन दिनसम्म चलेको थियो।



# राष्ट्रिय सूचना दिवसमा उपराष्ट्रपति
# सूचनाको हक राजनीतिक आन्दोलनको उपलब्धी

उपराष्ट्रपति रामसहाय यादवले लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, संघर्ष, त्याग र बलिदानका कारण प्राप्त भएका मौलिक हकहरुमध्ये सूचनाको हक अत्यन्त महत्वपूर्ण हकको रुपमा रहेको बताउनु भएको छ। राष्ट्रिय सूचना दिवस कार्यक्रमको प्रमुख अतिथिका हैसियतमा बोल्दै उहाँले सूचनाको हक सम्बन्धी ऐन २०६४ जारी गर्न राजनैतिक दल, संसद, सरकार र नागरिक समाजको महत्वपूर्ण भूमिका रहेको स्मरण गराउनुभयो। उहाँले नागरिक आन्दोलनबाट प्राप्त संवैधानिक हकको प्रवर्द्धन, सम्बर्द्धन र प्रचलन गराउने जिम्मेवारी राष्ट्रिय सूचना आयोगको रहेको उल्लेख गर्दै उहाँले १८ औं राष्ट्रिय सूचना दिवसका अवसरमा आयोग परिवार र सबै नेपाली जनतामा हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

सूचनाको हकसम्बन्धी ऐन २०६४ साल साउन ५ गते जारी भएको ३० दिनपछि अर्थात् भदौ ३ गते देखि लागू भएकाले हरेक वर्ष भदौ ३ मा राष्ट्रिय सूचना दिवस मनाईदै आएको छ। कार्यक्रमका विशेष अतिथि पृथ्वी सुब्बा गुरुङले सूचनाको हकको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको बताउनु भयो। उहाँले शासन व्यवस्था फेरिए पनि पद्धति फेर्न नसकिएकोले ऐन नियम र नीतिहरु, समय सापेक्ष परिवर्तन



गर्न जरुरी रहेको बताउनु भयो । कार्यक्रमलाई समापन गर्दै राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले लोकतान्त्रिक व्यवस्थामा नागरिकमा नै सार्वभौमसत्ता कायम रहने हुदा सार्वजनिक निकायका प्रत्येक क्रियाकलापमा नागरिकको सक्रिय र अर्थपूर्ण सहभागिताले मात्रै लोकतान्त्रिक अभ्यासलाई जीवन्त र सार्थक बनाउन सकिने बताउनुभयो ।

यसअघि राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा, सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद वागचन्द लगायतले मन्तव्य राख्नुभएको थियो । आयोगका नि. सचिव युबराज अधिकारीले स्वागत गर्दै कार्यक्रमको उद्देश्य प्रकाश पार्नु भएको थियो भने कार्यक्रमको संचालन आयोगका उप सचिव सन्तोषकुमार दाहालले गर्नु भएको थियो ।

सो अवसरमा प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापा, आयोगका आयुक्तहरु कमला ओली थापा र रत्न प्रसाद मैनाली, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, कोशी प्रदेशका सांसद मीना श्रेष्ठ, सूचना आयोगका पूर्व आयुक्त, पूर्व सचिवहरु, सार्वजनिक निकायका कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो । सो अवसरमा सूचनाको हकको संरक्षण, प्रचलन र सम्बर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरी सुशासन कायम गर्न योगदान पुऱ्याएकोमा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटालाई सम्मान गरिएको थियो ।





# सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

# आम मानिसले सूचना प्राप्त गर्न नसक्ने अवस्थाको अन्त्य आवश्यक : अध्यक्ष दाहाल



राष्ट्रिय सूचना आयोगले असोज १२ गते आयोजना गरेको सूचनाको हकमा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सूचनाको हकको प्रचलन र प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको छ। उहाँले सत्ता, शक्ति र शासनमा हुनेको मात्र सूचनामा पहुँच हुने तर आम मानिसले सूचना प्राप्त गर्न नसक्ने अवस्थाको अन्त्य गर्न राष्ट्रिय सूचना आयोगको स्थापना भएको उल्लेख गर्नुभयो। लोकतन्त्रले नै सूचनाको हकको प्रत्याभूति दिने हुँदा त्यसका लागि सबै नागरिक, सूचनाको हकको प्राप्ति र कार्यान्वयनका लागि उठ्न जरुरी भएको बताउनुभयो। उहाँले सूचनाको हक कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोग सक्रिय भएर लाग्नु पर्नेमा जोड दिनु भयो। अध्यक्ष दाहालले सूचनाको हक कार्यान्वयनका लागि अन्य सार्वजनिक निकाय समेत उत्तिकै जिम्मेवार हुन आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो।

कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हकमा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसमा सूचनाको हक कार्यान्वयन गर्ने सार्वजनिक निकाय अग्रसर हुनुपर्नेमा जोड दिनुभयो। पछिल्लो समयमा आयोगमा स्थानीय तहका सूचना माग गरेका पुनरावेदनको संख्यामा बृद्धि भएको देखिएको उल्लेख गर्दै तथापि स्थानीय तहले सहजै सूचना दिन अझै आनाकानी गरेको संकेत गर्नुभयो।

सार्वजनिक क्षेत्रमा सूचनाको हकको मूल प्रवाहीकरण बिषयमा समूहगत छलफल भएको थियो। समूहगत छलफलमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, वरिष्ठ पत्रकार बबिता बस्नेत र आरती चटौत सहभागी हुनुहुन्थ्यो। अवसरमा सूचना आयुक्त रत्नप्रसाद मैनालीले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा समावेशी आयोगका पूर्व अध्यक्ष डा. रामकृष्ण तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सूचना आयोगका सचिव कमलप्रसाद भट्टराईले कार्यक्रममा स्वागत गर्नुभएको थियो। सो अवसरमा द एशिया फाउन्डेसन सि एस एम कार्यक्रमका निर्देशक अजय दास, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव अश्विन कुमार पोखरेल, नेपाल बार एशोसिएसनका उपाध्यक्ष आशा राई लगायतले मातृ भाषामा सूचना दिनुपर्ने, निरक्षर व्यक्ति तथा आमनागरिक सम्म सूचनाको हकको पहुँच पुऱ्याउनु पर्ने, सूचना प्रविधिमा पहुँच नभएका व्यक्तसम्म सूचनाको हकको बारेमा जानकारी गराउने, सूचनाको दुरुपयोग उपर कारवाही हुन जरुरी रहेको, विपतमा सूचनाको अधिक महत्व रहेको जस्ता विषय बारे प्रकाश पार्नु भएको थियो। आयोगका उपसचिव सन्तोष कुमार दाहाले कार्यक्रम संचालन गर्नुभएको थियो। कार्यक्रममा विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका सूचना अधिकारीहरु, सूचनाको हक सम्बन्धि सरोकारवाला निकाय, सूचना हकका अभियन्ता, आयोगका पदाधिकारी एवं कर्मचारी लगायत सञ्चारकर्मीको समेत उपस्थिति रहेको थियो।



# सूचनामा सबैको पहुँच पुग्नुपर्ने मधेश प्रदेश सभामुख मण्डलको भनाइ



राष्ट्रिय सूचना आयोगको आयोजना एवं द एसिया फाउण्डेशन, नागरिक समाज तथा संचार (CSM) को सहकार्यमा मधेश प्रदेशको बर्दिवासमा सुशासनका लागि सूचनाको हकसम्बन्धी मधेश प्रदेशस्तरीय दुई दिने गोष्ठी सम्पन्न भएको छ ।

गोष्ठीको उद्घाटन गर्दै प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले सूचनाको हक नेपाली नगारिकको मौलिक हक भएकाले सूचनामा सबैको पहुँच हुनुपर्ने बताउनु भयो । तर सूचना माग गर्दा समेत नपाउने अवस्थाबाट अझैपनि मुक्त हुन नसकेको उललेख गर्दै प्रदेश सभामुख मण्डलले सूचना मागकर्तालाई सूचना उपलब्ध गराउन सक्यो भने मात्र सुशासन कायम गर्न मद्दत पुग्ने बताउनु भयो । सूचनाको हक लोकतन्त्रको पर्यायवाची भएको बताउँदै सभामुखले सूचनाको हकले माग र आपूर्ति दुबै पक्षलाई जिम्मेवार बनाउन मद्दत गर्दछ भन्नुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङ्ले सूचनाको हकको मागबाट परेको प्रभावका बारेमा चर्चा गर्दै यसको महत्वको बारेमा प्रकाश पार्नुभएको थियो । सूचनाको हकको पुनरावेदन मधेश प्रदेशमा बढी छ भन्नुको अर्थ सचेत नागरिक यस प्रदेशमा रहेको छन् र आफ्नो हक अधिकार बुझेका छन् भन्ने अर्थको रुपमा हेरिएको प्रमुख आयुक्त गुरुङ्ले बताउनु भयो । तर अर्कोतर्फ सूचना नदिने वा लुकाउने प्रवृत्ति छ भन्ने अर्थ समेत रहेको उहाँको भनाइ थियो । उहाँले पारदर्शिता र जवाफदेहिता सहित जिम्मेवार निकाय स्थापना भएमा सूचनाको हकको आवश्यकता नपर्ने औंल्याउनु भयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै आयोगका सूचना आयुक्त कमला ओलीले सूचनाको हकको महत्व, विश्व मानचित्रमा सूचनाको हकको अभ्यास, दक्षिण एसियाका देशहरुको तुलनात्मक व्यवस्था, विश्वमा सूचनाको हकको नियमन गर्ने निकायहरु, नेपालमा सूचनाको हकको कारक तत्वहरु, सूचनाको हकको विश्वव्यापी सिद्धान्तहरु, सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएका मुख्य मुख्य व्यवस्थाहरु, सूचनाको हक कार्यान्वयन सम्बन्धी निर्देशिकामा भएका व्यवस्था लगायत सूचनाको हकको सन्दर्भमा देखिएका चुनौतिहरुका विषय बारे प्रष्ट पार्नुभएको थियो ।

त्यसैगरी सुशासनविज्ञ काशीराज दाहालले सूचनाको हकले पारदर्शिता र जवाफदेहिता कायम गर्ने बताउनुभयो । सूचनाको हकको कार्यान्वयनका लागि नागरिक निगरानीको खाँचो रहेको बताउनु भयो । उहाँले लोकतान्त्रिक समाजमा जनदवावले ठूलो भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । सूचनाको हक र संचार प्रविधि विषयमा कार्यपत्र प्रस्तुत गर्दै संचारविज्ञ तारानाथ दाहालले सूचनाको हक, संचार प्रविधिको क्षेत्र दिन प्रतिदिन बढ्दै गएको र यसले सूचनाको हकमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, वास्तविक जनतन्त्र सूचनाको हकले दिएको बताउनुभयो । कार्यक्रममा नागरिक समाज तथा सञ्चार कार्यक्रमका निर्देशक अजय दासले सूचनाको हक र सूचनामा पहुँचले नागरिक हक र अधिकार स्थापित गर्न सहयोग गर्ने भएकोले सूचनाको प्रवाह सरल र सहज हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

दोस्रो दिनको कार्यक्रमका प्रमुख अतिथि प्रदेश सरकारका राज्य मन्त्री शारदा थापाले मधेश प्रदेशका महिलालाई सूचनाको हकको पहुच पुऱ्याउनु पर्ने बताउनु भयो । उहाँले सही सूचना नदिएकै कारण भ्रष्टाचार मौलाउँदै गइरहेको विचार व्यक्त गर्नुभयो । प्रदेशसभा सदस्य रमिता प्रधानले यस्ता कार्यक्रमलाई जनतासम्म लैजान आवश्यक रहेको बताउनु भयो । उहाँले सूचनाको हकले भ्रष्टाचार न्यूनिकरणमा पुग्ने बताउनु भयो । सांसद जंगिलाल यादवले गोष्ठीमा सूचनाको हकले सही बाटो हिड्न मद्दत पुग्न र गोष्ठीले सुशासन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विचार राख्नु भएको थियो । आयोगका सचिव युवराज अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# सार्वजनिक निकायले सूचना अद्यावधिक गर्नुपर्ने



राष्ट्रिय सूचना आयोगले कार्तिक २७ गते सल्यानमा सूचनाको हक सम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति, सल्यानका प्रमुख बेलाराम रावलले सूचना सबै नागरिकका लागि आवश्यक रहेको, सार्वजनिक निकायहरुले सूचना अद्यावधिक गर्नु पर्ने, कार्यक्रममा नागरिकलाई पनि सहभागी गराउन पाएको भए राम्रो हुने बताउनु भयो। सूचना आयोग केन्द्रमा मात्र भएर पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्दै उहाँले सल्यान जिल्लामा कार्यक्रम आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिनु भएको थियो। कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुंगले १० वटा स्थानीय तह रहेको र ऐतिहासिक रुपमा आफ्नै पहिचान बोकेको सल्यान जिल्लामा कार्यक्रम राख्न पाउनु र उत्साहजनक सहभागिता रहेकोमा खुशी व्यक्त गर्दै सूचनाको हक विश्वभर सहजै सूचना नपाउने गरेको कारणबाट कानून नै बनाई बाध्यकारी बनाइएको उल्लेख गर्नुभयो। दीगो विकास लक्ष्यमा समेत यसलाई समावेश गरिएको, कार्यान्वयन गर्न सबैभन्दा सहज कानून भएको, कानूनले तोकेको बाहेक सबै सूचना दिनु पर्ने, प्रत्येक ३ महिनामा स्वत सार्वजनिक गर्नु पर्ने, सूचना नपाए आयोगमा पुनरावेदन गर्न पर्ने, सूचनाको हकको कसैले दुरुपयोग भएको पाइएमा आयोग कारपवाही गर्न तयार रहेको, इमेलबाट मागिने सूचनालाई मान्यता दिइएको, सूचना माग्दा प्रयोजन खुलाउन पन स्पष्ट गर्नु भयो। साथै प्रमुख आयुक्त गुरुङ्गले सल्यान जिल्लामा जिल्ला प्रशासन कार्यालय र विशेष गरी जिल्ला हलाक कार्यालयले सूचनाको हकको कार्यान्वयनका लागि गरेका प्रयासहरु अत्यन्त प्रभावकारी रहेकोमा प्रशंसा गर्दै सल्यान जिल्लालाई सूचनाको हक कार्यान्वयनमा उत्कृष्ट जिल्ला बनाउन शुभकामना व्यक्त गर्नु भएको थियो।

सल्यानका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले सल्यान जिल्लामा सूचनाको हक कार्यान्वयनका लागि सबै सार्वजनिक निकाय प्रतिवद्ध रहेको, सचेतना अझै पनि कम रहेको, कतिपय सार्वजनिक निकायमा दरवन्दी अनुसारको कर्मचारी नभएको कारणवाट मुस्किल परेको, पालिकाहरुमा कार्यबोझ अत्याधिक भएको कारणवाट पनि समस्या सृजना हुने गरेको भएता पनि सूचनाको हक कार्यान्वयनमा सल्यान जिल्ला प्रतिवद्ध रहेको विचार व्यक्त गर्नुभएको थियो। नेपाल पत्रकार महासंघ सल्यानका कावा सभापति शंकर केसीले सूचनाको हक कार्यान्वयनका लागि अभिलेख डिजिटाइजेशन गर्न र आयोगले पत्रकार महासंघसँग समन्वय गरेर कार्यक्रम राख्दा राम्रो हुने विचार राख्नु भएको थियो।

कार्यक्रममा आयोगका उपसचिव युवराज अधिकारीले सूचनाको हकको संवैधानिक तथा कानूनी प्रवन्ध, सूचना माग्ने र पाउने तथा पुनरावेदन गर्ने प्रकृया, आयोगबाट भएको आदेश तथा प्रगति र आयोगको अपेक्षा बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो। प्रस्तुतिकरण पश्चात कपुरकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतकुमार वलीले धेरै वर्षको सूचना माग्दा के गर्ने, कतिपयले सूचना माग्ने अनि विज्ञापनका लागि दवाव दिने, अभियन्ताका नाममा ब्ल्याकमेल गर्ने गरेको अवस्थामा के गर्ने, इमेलवाट माग भएको विषयलाई मान्यता दिने कि नदिने जस्ता विषयमा प्रस्तुतिले स्पष्ट गरेको बताउनु भयो। जिल्ला हुलाक कार्यालयका प्रमुख चिन्तामणि रेग्मीले सूचनाको हकको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्दा सूचना अधिकारी सबैले तोकेको तर स्वत: प्रकाशन ३४ निकायले नगरेको पाइएको, सूचना वर्गीकरण नहुंदा के सूचना दिने के नदिने समस्या परेको, कतिपय सार्वजनिक निकायमा सूचना अध्ययन प्रयोजनका लागि माग्दा अध्ययनको प्रमाण माग्ने कि नमाग्ने जस्ता प्रश्न उठाउनु भएको थियो।



निर्वाचन कार्यालयका प्रमुख धीरेन्द्र भण्डारीले सूचना अधिकारीको छुट्टै दरवन्दीको व्यवस्था गर्नु पर्ने, सूचना माग्ने विषयको कुनै सीमितता छ कि छैन, सूचना माग्नेमा भन्दा दिनेमा समस्या हो भन्ने बुझाई रहयो, निकायहरुको वेवसाइट धेरै वर्षदेखि अद्यावधिक हुन सकेको छैन, सूचना बोर्ड राखेको पाइदैंन जस्ता विषयमा सुझाव तथा जिज्ञाशा राख्नु भएको थियो।

कार्यक्रममा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका लागि राष्ट्रिय महासंघका प्रतिनिधि, संचारकर्मी, अभियन्ता, नागरिक समाजका प्रतिनिधि लगायत गरी ८९ जनाको उपस्थिति थियो। कार्यक्रमको संचालन आयोगका शाखा अधिकृत दिनेश भट्टराईले गर्नु भएको थियो।

# सूचनाको हक कार्यान्वयनमा उपमहानगर सक्रिय : मेयर खड्का




राष्ट्रिय सूचना आयोगले तुलसीपुर उपमहानगरपालिकामा आयोजना गरेको सूचनाको हक सम्बन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि उपमहानगरपालिका प्रमुख टिकाराम खड्काले उपमहानगरपालिकाले आफ्नो प्रगति तथा निर्णयहरु सावजनिक गर्ने गरेको, प्रेस मिट गर्ने बेला पनि हुन लागेको, सबै विद्यालयमा सूचना अधिकारी तोक्न र कार्यान्वयन गर्न निर्देशन दिइएको जानकारी गराउँदै उपमहानगरपालिकामा कार्यक्रम आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिनु भएको छ । सो अवसरमा उपप्रमुख स्यानी चौधरीले सबै नागरिकले सूचनाको हक निर्वाध रुपमा प्रयोग गर्न पाउने कानुनी व्यवस्था भए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्गले ठूला र धेरै सार्वजनिक संस्थन रहेको उपमहानगरपालिकामा कार्यक्रम राख्न पाउनु र उत्साहजनक सहभागिता हुनुले आफूलाई खुशी बनाएको बताउनु भयो । सूचनाको हक विश्वभर सहजै सूचना नपाउने गरेको कारणवाट कानून नै बनाई बाध्यकारी बनाइएको उल्लेख गर्दै उहाँले दीगो विकास लक्ष्यमा यसलाई समावेश गरिएका र कार्यान्वयन गर्न सबैभन्दा सहज कानून भएका बताउनु भयो । उहाँले कानूनले तोकेको बाहेक सबै सूचना दिनु पर्ने, प्रत्येक ३ महिनामा स्वत सार्वजनिक गर्नु पर्ने, सूचना नपाए आयोगमा पुनरावेदन गर्न पर्ने, सूचनाको हकको कसैले दुरुपयोग भएको पाइएमा आयोग कारवाही गर्न तयार रहेका जानकारी गराउनु भयो ।

वित्तीय संस्थाहरुले सूचनाको हक कार्यान्वयन गर्न आयोगको आदेश दिए पश्चात नेपाल राष्ट्र बैंकले पनि निर्देशन दिएको, कर्मचारीले लोकसेवा परीक्षामा नै सूचनाको हक पढ्न पर्ने व्यवस्था रहेको उल्लेख गर्दै प्रमुख आयुक्त गुरुङ्गले सूचनाको हकसम्बन्धी कानूनले सूचना माग्ने अधिकार नागरिकलाई दिएको हुंदा संस्थागत माग्न नमिल्ने प्रष्ट पार्दै उहाँले पछिल्लो समय ईमेलबाट मागिने सूचनालाई मान्यता दिइएको र सूचना माग्दा प्रयोजन खुलाउन पर्ने विचार जानकारी गराउनु भएको थियो । साथै प्रमुख आयुक्त गुरुङ्गले तुलसीपुर उपमहानगरपालिकालाई सूचनाको हक कार्यान्वयनमा उत्कृष्ट नगर बनाउन शुभकामना व्यक्त गर्नु भयो ।



दाङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले माग भएको सूचना प्रोएक्टिभ भएर दिने, निर्णयहरु सार्वजनिक गर्ने गराउने, सूचनाको हकको कार्यान्वयन दाङ्ग जिल्लामा प्रभावकारी बनाउन लागि परेको विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रममा आयोगका उपसचिव युवराज अधिकारीले सूचनाको हकको संवैधानिक तथा कानूनी प्रावधान, पुनरावेदन गर्ने प्रकृया, आयोगबाट भएको आदेश तथा प्रगति र आयोगको अपेक्षा वारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र बहादुर डाँगीले सार्वजनिक निकायको सार्वजनिक महत्वको सूचना उपलब्ध गराउन कुनै समस्या नभएको बताउनुभयो । उहाले सूचनाको वर्गीकरण नभएको कारणले कस्ता खालका सूचना उपलब्ध गराउन हुने र नहुने भन्ने बिषयमा छलफल हुनुपर्ने बताउनु भयो ।

सञ्चारकर्मी सुशील बस्नेतले सूचनाको हक कार्यन्वयनमा राष्ट्रसेवक कर्मचारीमा नै समस्या रहेकोले लोकसेवा आयोगको परिक्षामा समेत यो बिषय समावेश हुनुपर्नेमा जोड दिनुभयो । सञ्चारकर्मी सुनिलकुमार पोखरेलले स्वत प्रकाशन ऐन र कार्यविधिमा उल्लेख भए पनि व्यवहारमा भने कार्यान्वयन हुन नसकेको बताउनुभयो । उपमहानगर पालिकाका सूचना अधिकारी बाबुराम न्यौपानेले अभियन्ताका नाममा धेरै वर्षको धेरै सूचना माग्ने गरिएको कारणवाट सबै सूचना उपलब्ध गराउन नसकिएको बताउनुभयो ।

कार्यक्रममा कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकका लागि राष्ट्रिय महासंघका प्रतिनिधि, संचारकर्मी, अभियन्ता, नागरिक समाजका प्रतिनिधि लगायत ४१ महिला र १०३ पुरुष गरी १४४ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत दिनेश भट्टराईले गर्नु भएको थियो ।

तुलसीपुर उपमहानगरपालिकामा १ विश्वविद्यालय, ८३ सामुदायिक विद्यालय, ७२ संस्थागत विद्यालय र १६१ सहकारी संस्था रहेका छन् ।

# उदयपुरमा सूचनाको हक सम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया



उदयपुर जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी,एवं सूचनाको हकका अभियन्ताहरु बीच सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यहि कार्तिक २८ गते जिल्ला समन्वय समितिमा भएको कार्यक्रममा १०३ जनाको सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा आयोगका सूचना आयुक्त कमला ओली थापाले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानका बारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा आयुक्त ओलीले सूचना, सूचनाको हकको आवश्यकता, सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरु,सूचनाको हकको संवैधानिक र कानूनी आधारहरु बारे प्रकाश पार्नु भएको थियो । उहाले सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदन सम्बन्धी व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सँजाय र क्षतिपूर्ती सम्वन्धि व्यवस्थाको वारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनाली मैनालीले सूचनाको हक : कानुनी व्यवस्था र व्यावहारिक अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाउन तथा सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको प्रचलन विश्वव्यापी रुपमा बढ्दै गएको प्रसङ्ग उल्लेख गर्दै सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीलाई गलत कार्य नगर्न खबरदारी गर्ने सबैभन्दा बलियो औजार सूचनाको हक भएको सूचना आयुक्त मैनालीले बताउनु भयो ।

यसअघि, आयोगका उपसचिव सन्तोषकुमार दाहालले सूचनाको हक सम्बन्धी अभ्यास र राष्ट्रिय सूचना आयोग विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको संवैधानिक र कानूनी आधार, सरकारी निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदन सुन्ने व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही साथै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा सविस्तार बताउनु भएको थियो । सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउँदै पारदर्शिता र सुशासनको परिकल्पना गरेको कुरा प्रष्ट पार्दै उहाँले ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्वन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको जानकारी गराउनु भएको थियो ।

कार्यक्रमका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले सूचना अधिकारी र कार्यालय प्रमुखहरुका लागि अत्यन्तै उपयोगी हुने यो कार्यक्रम उदयपुर जिल्लामा राखिदिएकोमा आयोगलाई धन्यवाद दिँदै उदयपुर जिल्लामा सूचनाको अवस्था, जिल्ला प्रशासन कार्यालयबाट वेवसाइट मार्फत नियमित रुपमा



सूचना सम्प्रेषण गर्ने गरेको बताउनु भयो । उहाँले प्रत्येक महिना सूचना अधिकारीहरुको बैठक बस्ने गरेको, नागरिक वडापत्र राख्ने गरेको, कार्यालयले गर्ने गरेको निर्णयहरुको सार्वजनिकरण गर्ने गरेको र यसका लागि सहायक प्रमुख जिल्ला अधिकारीले समन्वय गरिरहनु भएको जानकारी गराउनु भयो ।

त्यसैगरी कार्यक्रममा सूचनाको हक समन्वय केन्द्रका केन्द्रीय अध्यक्ष अजय शाहले मन्तव्य राख्ने क्रममा सूचनाको हक सम्बन्धी ऐनमा दिन नमिल्ने भनी उल्लेख गरिए बाहेकका सबै सूचना दिन मिल्छ भन्नुभयो । आयोगले जिल्ला र स्थानीय तहमा यस किसिमको कार्यक्रम राखेर सूचनाको हकका विषयमा जानकारी गराएको, सूचना माग र आपूर्ती पक्षबीच छलफल चलाएकोमा आयोगप्रति आभार समेत प्रकट गर्नुभयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका कोशी प्रदेश अध्यक्ष नजवुल खान, राष्ट्रिय सूचना आयोगले अभियन्ता, सूचनादाता र आयोग तीन पक्षलाई एकै ठाउँमा भेला पारेर यस किसिमको कार्यक्रमको आयोजना गरेर ज्यादै सराहनीय कार्य गरेकोमा आभार व्यक्त गर्नुभयो । यस किसिमको कार्यक्रम सवैका लागि प्रभावकारी हुनेमा विश्वास व्यक्त गर्नुभयो । सूचना माग्दा सूचना मागकर्ताहरुलाई विभिन्न आरोप समेत लाग्ने गरेकोले त्यस किसिमका आरोपहरुबाट मुक्त हुन जरुरी रहेको उहाँको भनाइ थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं जिल्ला समन्वय समिति प्रमुख गौर वहादुर विश्वकर्माले सूचनाको हकले पारदर्शिता र सुशासन कायम हुने, कार्यक्रममा प्रस्तुत दुवै कार्यपत्रहरु ज्यादै महत्वपूर्ण र ज्ञानवर्द्धक भएको बताउनु भयो । उहाँले यस किसिमको कार्यक्रमले उदयपुर जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारी एवं सूचनाको हकका अभियन्ताहरुलाई सूचना माग र प्रवाह गर्ने कार्यमा मद्दत पुग्ने भनाइ राख्नु भएको थियो । उहाँले सूचनाको हक लोकतन्त्रको गहना भएको, सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने हुँदा मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने भनाइ समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशेष अतिथि एवं जिल्ला समन्वय समिति उपप्रमुख तेजप्रसाद गिरीले नेपालको संविधानमा सूचनाको हकलाई मौलिक हकको रुपमा राखिएको र सूचनाको हकले पारदर्शिता र सुशासन कायम हुने, उल्लेख गर्दै यस किसिमको कार्यक्रमले उदयपुर जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारी एवं सूचनाको हकका अभियन्ताहरुलाई सूचना माग र प्रवाह गर्ने कार्यमा मद्दत पुऱ्याएको बताउनु भयो । •



# बेलौरी नगरपालिकामा सूचनाको हकका बारे अभिमुखीकरण

राष्ट्रिय सूचना आयोगका तत्कालीन सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक अधिकारलाई सम्मान गर्न सूचना आयुक्त मैनालीले आग्रह गर्नु भएको छ । सार्वजनिक निकायले गरेका वा गर्न लागेका कामबारे नागरिकलाई जानकारी दिनका लागि नेपाली समाजमा व्यावहारिक रुपमा प्रचलनमा रहेको कटुवाल प्रथा पनि सूचनाको हकको सन्दर्भमा ऐतिहासिक रहेको उल्लेख गर्दै उहाँले विश्वका विभिन्न देशमा सूचनाको हकको प्रयोगबाट भएका सकारात्मक घटनाबारे चर्चा गर्नु भयो । कञ्चनपुर जिल्लामा बेलौरी नगरपालिकाको आयोजनामा २०८१ कात्तिक २ गते सूचनाको हकसम्बन्धी एकदिने अन्तर्क्रियात्मक अभिमुखीकरणमा मैनालीले यस्तो आग्रह गर्नु भएको हो ।

कार्यक्रमका अध्यक्ष तथा बेलौरी नगरपालिकाका प्रमुख पोतिलाल चौधरीले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारको सबैले सम्मान गर्नु पर्ने उल्लेख गर्दै कतिपयले दुःख दिने नियतले सूचना माग गर्ने गरेको, सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारको सदुपयोग हुन सके सुशासनका लागि महत्वपूर्ण कोसेढुङ्गा सावित हुने बताउनु भयो । व्यक्तिगत रुपमा आफू र बेलौरी नगरपालिका सूचनाको हकको सम्मान र पालना गर्न प्रतिबद्ध रहेको बताउँदै कतिपयले दुःख दिने नियतले सूचनाको हकको प्रयोग गरी सूचना माग गर्ने गरेकोले त्यसतर्फ राष्ट्रिय सूचना आयोगको ध्यानाकर्षण गराउनु भयो ।

बेलौरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तारादत्त अवस्थीले कार्यक्रमका सहभागीलाई स्वागत गर्दै सूचनाको हकको प्रयोग र प्रचलनका लागि सहज होस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनु भयो । सूचना माग गर्ने नागरिकको संवैधानिक अधिकारको सबैले सम्मान र पालना गर्नु पर्ने दायित्व रहेको बताउँदै कस्ता प्रकारका सूचना प्रवाह गर्दा के हुने भन्ने अन्योल भएकोले कार्यक्रमबाट सो अन्योल हट्ने विश्वास प्रमुख प्रशासकीय अधिकृत अवस्थीले व्यक्त गर्नुभयो । कार्यक्रमका सहभागीबाट राखिएका प्रश्न र जिज्ञासाको जवाफ दिदै सूचना आयुक्त मैनालीले राष्ट्रिय सूचना आयोगबाट भएका आदेश र फैसलाहरुबाट सुशासन र पारदर्शिताका क्षेत्रमा पुगेका योगदानबारे प्रसङ्गसहित घटनाहरु उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय युवा परिषद्का प्रशिक्षक रवीन्द्र शाह, जगदिया मा.वि.का प्रधानाध्यापक वीरेन्द्र भण्डारी र जनज्योति मा.वि. का प्रधानाध्यापक टेकराज अवस्थीले समेत मन्तव्य राख्नु भएको कार्यक्रममा बेलौरी नगरपालिका वडा नं. ८ का वडाध्यक्ष विषराम राना र वडा नं. २ का अध्यक्ष कलवीर चौधरीलगायतले जिज्ञाषा राख्नु भएको थियो । बेलौरी नगरपालिका विपद् व्यवस्थापन शाखा प्रमुख अशोक पाण्डेले सञ्चालन गर्नु भएको सो कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी तथा मातहतका सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीसहित ६५ जनाभन्दा बढीको सहभागिता रहेको थियो । •

# आयोगका महत्वपूर्ण निर्णयहरु

### सूचना अधिकारीहरु राख्न सूचना आयोगको निर्देशन

राष्ट्रिय सूचना आयोगको २०८१ पुस १ गते बसेको बैठकले ७५३ पालिका सूचना अधिकारी नतोकेको भए तत्काल तोकी त्यसको जानकारी गराउन निर्देशन दिने निर्णय गरेको छ । साथै ७ प्रदेश र ७७ जिल्ला प्रशासन मातहतका कार्यालयहरुमा सूचना अधिकारी नतोकेको भए तोक्न र हरेक तीन महीना गर्नु पर्ने स्वतः प्रकाशन भए नभएको अनुगमन गरी अनिवार्य प्रकाशन गर्न लगाई आयोगलाई जानकारी पठाउन समेत आयोगले निर्देशन गरेको छ ।

आयोगको निर्णय कार्यान्वयनका लागि प्रदेशलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पालिकाका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालयका हकमा गृह मन्त्रालय मार्फत ती निर्देशन पठाइएको छ ।

### दुई प्रदेश मन्त्रालयहरुको आरटीआई अडिट

राष्ट्रिय सूचना आयोगको २०८० पुस १९ को निर्णयबाट लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका प्रदेश मन्त्रालयहरुको आरटीआई अडिट गर्न आयोगका पूर्व प्रमुख सूचना आयुक्त, पूर्व सूचना आयुक्त वा आयोगवाट सेवा निवृत्त सचिव तथा सहसचिवहरु, पूर्व प्रशासक वा आरटीआई अडिट सम्बन्धी काममा अनुभव भएका इच्छुक व्यक्तिहरुसँग निवेदन माग गरिएको थियो । पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि वास्कोटालाई लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालयहरुको, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेललाई कर्णाली प्रदेश अन्तर्गतका मन्त्रालयहरुको र नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं इमेज च्यानलका प्रमुख कार्यकारी अधिकृत डा.महेन्द्र विष्टलाई सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालयहरुको आरटीआई अडिट गर्ने सम्झौता गरियो । सम्झौता अनुसार पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटाले लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालयहरुको र नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं इमेज च्यानलका प्रमुख कार्यकारी अधिकृत डा.महेन्द्र विष्टले सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालयहरुको आरटीआई अडिट गरी प्रतिवेदन पेश गर्नुभयो ।

### आयोगबाट भएका महत्वपूर्ण आदेश संग्रहको प्रकाशन

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा १० (३)(क) मा आयोगले सूचना उपलब्ध गराउन भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न सक्ने, दफा २० मा सूचना दाताको संरक्षण गर्ने, दफा ३० मा व्यक्तिगत सूचना उपलब्ध गराउने, दफा ३२ मा सजायँ सम्बन्धी व्यवस्था भई दफा १० मा उल्लेख भएको आयोगको काम, कर्तव्य र अधिकारको परिधिमा रही कार्य गर्दै आएको यस आयोगले आफ्नो क्षेत्राधिकारमा रही २०७६ पुस देखि २०८१ भदौ महिनासम्म जारी गरिएको गरिएका महत्वपूर्ण आदेश, आयोगबाट गरिएका महत्वपूर्ण अनुरोध र अदालतबाट आयोगको आदेशलाई समर्थन गरिएका फैसलाहरु समेत समेटेर आदेश संग्रह प्रकाशन गरिएको छ ।

### सूचनाको हकबाट प्राप्त सफलताका कथा प्रकाशन

सूचनाको हकको प्रयोगबाट राज्य र सार्वजनिक निकायलाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त बनाउन सशक्त भूमिका निर्वाहमा संलग्न

अभियन्ता र सरोकारवालहरुबाट सूचनाको हकको कार्यान्वयनमा खेलेका भूमिका र अनुभवका विषयहरु समेटेर सूचनाको हक सफलताका कथा अनुभवको संगालो प्रकाशन गरिएको छ ।

### कर्मचारीको बिदाई र पदस्थापना

यस आयोगका कम्प्युटर ईन्जीनियर प्रिता दाहालको सरुवा भएको हुनाले २०८१ मंसीर ३ गतेबाट लागु हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा रमाना भै जानु भयो । लेखापाल लक्ष्मण अर्यालको पनि सरुवा भएकोले २०८१ मंसीर ३ गतेबाट लागु हुने गरी अख्तियार दुरुपयोग अनुसान्धान आयोगमा रमाना हुनुभयो । साथै आयोगमा रिक्त रहेको नायब सुब्बा पदमा कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट सरुवा भै आउनु भएका नायब सुब्बा गंगा पौड्याल गौतमले २०८१ मंसीर ४ मा हाजिर हुनुभयो ।

यसैगरी आयोगका सचिव होमप्रसाद लुईटेल २०८१ साउन २ गते अनिवार्य अवकाश भएकाले उहाँलाई बिदाइ गरियो । यस आयोगमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट सरुवा भै आउनु भएका सचिव कमलप्रसाद भट्टराई भदौ ४ गते हाजिर हुनु भयो । साथै यस आयोगमा रिक्त शाखा अधिकृत पदमा नलगाड नगरपालिकाबाट सरुवा भै आउनु शाखा अधिकृत दिनेश भट्टराईलाई असोज २१ आयोगमा स्वागत गरियो ।

### कार्यालय प्रमुखलाई दफा ३२ बमोजिमको कारवाही

सल्लाघारी बहुउद्देश्यीय सहकारी संस्था लि., न्यूरोड, काठमाडौंका कार्यालय प्रमुखले समयमा सूचना उपलब्ध नगराएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम उक्त सहकारीका कार्यालय प्रमुख महेन्द्रजंग लामिछानेलाई आयोगको २०८१।०७।२१ को आदेशले रु. १०,००० ।- (दश हजार रुपैयाँ) जरिवाना गरिएको छ ।

यसैगरी, तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुका कार्यालय प्रमुखले समयमा सूचना उपलब्ध नगराएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम सो कार्यालय प्रमुख तथा अध्यक्ष जयप्रकाश पाण्डेलाई आयोगको २०८१ भदौ १७ को आदेशले रु. ५,०००।- (पाँच हजार) जरिवाना गरिएको छ ।

### जानकारी र चेतनामूलक सामग्री निर्माण र प्रसारण

सूचनाको हकको कार्यान्वयन र प्रवर्द्धन गर्न आम नागरिकहरुलाई सुसूचित गराउनको लागि The Asia Foundation CSM कार्यक्रमको सहकार्यमा आयोगबाट सूचनाको हक सम्बन्धी विषयका वृत्तचित्र १, श्रव्य ३ र श्रव्यदृश्यका ३ वटा सन्देशमूलक सामग्री तयार पारिएको छ । ती मध्ये श्रव्यदृश्यका सामग्री आयोगको फेसबुक पेजमा राखिएको छ ।

### २०८१ श्रावण १ देखि पुस मसान्तसम्म पुनरावेदनमाथिको कार्वाही

| महीना | मुद्दा दर्ता संख्या | दफा १०(२) बमोजिमको आदेश | दफा १०(३) क बमोजिम आदेश | दफा ३२(१) र (२) बमोजिम चेतावनी | दफा ३२(१) र (२) बमोजिम कारवाही आदेश | दफा ३(ख) बमोजिमको आदेश | पत्राचार | इजलाश संख्या |
|---|---|---|---|---|---|---|---|---|
| साउन | २०९ | २४९ | १ | १ | - | १ | - | - |
| भदौ | १४५ | १४६ | ६२ | - | १ | - | - | - |
| असोज | ७८ | ७८ | २९ | - | - | - | - | १६ |
| कात्तिक | १३७ | १३७ | २७ | - | १ | २३ | २०० | ७ |
| मंसीर | १२१ | १२१ | ४१ | ११ | - | - | ३०१ | ६ |
| पुस | ६५ | ६५ | ३२ | - | - | ३५ | ११३ | ७ |

**सल्लाहकार**
डा. सुरेशप्रसाद आचार्य
(प्रमुख आयुक्त)
गगन विष्ट
(आयुक्त)

**प्रधान सम्पादक**
दुर्गा भण्डारी पौडेल
(आयुक्त)

**सम्पादक मण्डल**
कमलप्रसाद भट्टराई
(सचिव)
युवराज अधिकारी
(सहसचिव)
दिनेश लुईटेल
(शाखा अधिकृत)

**प्रकाशकः**
**राष्ट्रिय सूचना आयोग**

**सूचना आयोग भवनः** त्रिपुरेश्वर, काठमाडौं, नेपाल, **फोन नं.:** ०१-४५९६५४४, **फ्याक्स नं.:** ०१-४५९६५४५, **वेबसाइटः** nic.gov.np, **इमेलः** info@nic.gov.np

/rtinepal /suchanaayog